नीलकण्ठ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
धादिङबेशी, धादिङ
बागमती प्रदेश, नेपाल

प.सं.: २०८०।०८१
च.नं.: ९९६

मितिः २०८०।०७।१४

विषयः विज्ञापन कर संकलन सम्बन्धी सूचना तथा विवरण पठाउने सम्बन्धमा।

श्री वडा कार्यालयहरु (१-१४ सबै),
नीलकण्ठ नगरपालिका, धादिङ।

प्रस्तुत विषयमा यस नगरपालिकाको मिति २०८०।०५।१८ गते बसेको नगर कार्यपालिका वैठकले लागि विज्ञापन कर संकलन सम्बन्धी आय ठेक्का नं. २-०८०/०८१ रद्द गरी कार्यालयबाटै नगर क्षेत्रभित्र विज्ञापन गर्न अनुमती दिई कर संकलन गर्ने भन्ने निर्णय गरेको व्यहोरा अवगत नै छ।

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा ४ (१) मा सार्वजनिक स्थलबाट देखिने गरी होर्डिङ्ग बोर्ड राख्न र त्यसमा विज्ञापन गर्न चाहने व्यक्ति/कम्पनीले सम्बन्धित स्थानीय तहबाट अनुमतिपत्र लिनु पर्ने व्यवस्था भए बमोजिम पहिलो पटकको लागि तहाँ वडा क्षेत्रभित्र सार्वजनिक स्थलबाट देखिने गरी होर्डिङ्ग बोर्ड राख्न तथा विज्ञापन सामग्री प्रकाशन गरेका वा गर्न चाहने व्यक्ति, संघ, संस्था तथा कम्पनीलाई अनुमतिकालागि आवेदन गर्न संलग्न बमोजिमको सूचना प्रकाशन प्रसारण गरी निवेदन संकलन गरी यस कार्यालयमा पठाईदिनु हुन अनुरोध छ।

साथै हाल तहाँ वडा क्षेत्रभित्र सार्वजनिक स्थलबाट देखिने गरी राखिएका होर्डिङ्ग बोर्ड तथा विज्ञापन सामग्री प्रकाशन गरेको विवरण देहायको ढाँचामा यस कार्यालयमा पठाईदिनु हुन अनुरोध छ।

| सि.नं. | होर्डिङ बोर्ड भएको स्थान | जग्गा/घरको स्वामित्व (नीजि/सरकारी) | नीजि भए जग्गाधनीको नाम र मोवाइल नं. | होर्डिङ बोर्डको आकार | हाल प्रकाशन भएको विज्ञापन | विज्ञापन गर्ने कम्पनीको नाम ठेगाना | विज्ञापनकर्ताको सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |

..................
(पुरुषोत्तम सुवेदी)
प्रमुख प्रशासकीय अधिकृत

नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

धादिङबेशी, धादिङ

प.सं.: २०८०।०८१

च.नं.:

बागमती प्रदेश, नेपाल

## होर्डिङ बोर्डमार्फत विज्ञापन सामग्री प्रकाशन गर्न अनुमतिका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना।

(सूचना मितिः २०८०।०७।१४)

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा ४ (१) मा सार्वजनिक स्थलबाट देखिने गरी होर्डिङ्ग बोर्ड राख्न र त्यसमा विज्ञापन गर्न चाहने व्यक्ति/कम्पनीले सम्बन्धित स्थानीय तहबाट अनुमतिपत्र लिनु पर्ने व्यवस्था भए बमोजिम यस नगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलबाट देखिने गरी होर्डिङ्ग बोर्ड राख्न तथा विज्ञापन सामग्री प्रकाशन गर्न चाहने वा गरेका व्यक्ति, संघ, संस्था तथा कम्पनीले अनुमति लिनका लागि यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र होर्डिङ्ग बोर्ड रहेको वा राख्ने स्थल रहेको सम्बन्धित वडा कार्यालयमा आवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

.................

(पुरुषोत्तम सुवेदी)

प्रमुख प्रशासकीय अधिकृत